# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

खण्डः ३ भागः २ संख्याः १०

स्वीकृत मितिः २०८०।०६।०८ प्रमाणिकरण मितिः २०८०।६।१०


## एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला आय आर्जन कार्यक्रम सञ्चान कार्यविधी, २०८०

प्रस्तावनाः

विभिन्न कारणबाट दाम्पत्य सम्बन्ध टुटन गई आफ्नो जीवन र परिवारको गुजाराका लागि एकल रुपमा संघर्ष गर्न बाध्यतामा रहेका गाउँवासी एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला लाई आयआर्जनमूलक क्रियाकलापमा सहभागि गराई स्वरोजगारको अवसर सिर्जना गरी जीवनस्तरमा सुधार ल्याउने कार्यमा गाउँपालिकाबाट सहयोग गर्ने उद्देश्यले मानेभन्ज्याङ गाउँपालिकाले देहाय बमोजिमको कार्यविधी स्वीकृत गरेको छ ।

**परिच्छेद् –१**

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला आय आर्जन कार्यक्रम सञ्चान कार्यविधी, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि मानेँभन्ज्याङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा–

(क) " एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला" भन्नाले कार्यविधीको दफा ३ मा उल्लेख भए बमोजिमका लक्षित समूह भन्ने सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मानेँभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गा भन्ने सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मानेँभन्ज्याङ गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष " भन्नाले गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनु पर्छ ।

(छ) "व्यवसायिक योजना " भन्नाले जीविकोपार्जन, स्वरोजगार तथा आय आर्जनका लागि तयार गरिएको योजना सम्झनु पर्छ ।

(ज) "संघसंस्था " भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न रुपमा काम गरिरहेका गैर सरकारी संघसंस्थालाई सम्झनु पर्छ ।

(झ) "व्यवसाय परामर्श सेवा" भन्नाले व्यवसायको सुसञ्चालन विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा ब्यवस्थापकीय सहयोग र सेवालाई सम्झनु पर्छ ।

(ञ) " "वित्तीय सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्रबैंकबाट वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त संस्था सम्झनु पर्छ ।

(ट) "घुम्तीकोष" भन्नाले कार्यक्रम सञ्चालनको लागि गाउँपालिका तथा अन्य निकायबाट प्राप्त रकम र ऋण लगानी भएको रकम फिर्ता हुन आएको रकम जम्मा गरिने कोष सम्झनु पर्छ ।

(ठ) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट सञ्चालन गरिने एकल लैङ्गिक हिंसा प्रभावित, लैगिक हिसा प्रभावित तथा विपन्न महिलाका लागि आयआर्जनमूलक क्रियाकलाप सम्झनु पर्छ ।

(ड) "वित्तीय सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त वित्तीय संस्था सम्झनु पर्छ ।

(ढ) "कार्यविधि" भन्नाले गाउँपालिकाको एकल लैङ्गिक हिंसा प्रभावित, लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला आय आर्जन कार्यक्रम सञ्चान कार्यविधी, २०८० सम्झनु पर्छ ।

## परिच्छेद्– २

## लक्षित समूह, लक्षित समूहको पहिचान, प्रस्ताव संकलन तथा स्वीकृति

**३. लक्षित समूहः** (१) कार्यक्रमको लक्षित समूह देहाय अनुसार हुनेछन् ।

(क) घर छोडी श्रीमान बेपत्ता भएका वा अल्पायुमै श्रीमानको निधन भएका वा श्रीमानको अवस्था पूर्ण अपाङ्गता भएका वा चालीस बर्ष उमेर पूरा भई कसैको सहाराविहिन अवस्थाका एकल महिला र परिवारमा परिपक्व उमेरका सदस्य नभएका बालबच्चा सहितका विपन्न महिला घरमूली

(ख) घर छोडी श्रीमती बेपत्ता भएका वा अल्पायुमै श्रीमतीको निधन भएका वा श्रीमानको अवस्था पूर्ण अपाङ्गता भएका र परिवारमा परिपक्व उमेरका सदस्य नभएका विपन्न पुरुष घरमूली ।

**४. लक्षित समूहको पहिचानः** (१) कार्यक्रममा लक्षित समूहको सहभागिताका लागि सम्बन्धित ब्यक्तिबाट प्रस्ताव आव्हान गरी गाउँपालिकाबाट ७ (सात) दिनको सार्वजनिक सूचना प्रकाशन गरी सबै वडा कार्यालयहरुमा पठाई प्रचार प्रसार गर्ने र सो सूचना आफ्नो वेवसाइट तथा फेसबुक पेज समेतमा राखिनेछ।

**५. प्रस्ताव पेश गर्न सकिने व्यवसायिक क्षेत्रहरुः** लक्षित समूहका ब्यक्तिले देहायको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछन् ।

(१) मौरीपालन, पशुपंक्षीपालन, (हाँस, कुखुरा, बट्टाइ, खरायो, बाख्रा, गाई, भैसी, भेडा, च्याङ्ग्रा आदि) नगदेबाली, (अकबरे, अमृसो, अदुवा, लसुन, प्याज, टमाटर च्याउ खेती बेसार खेती खुर्सानी खेत ी आदि) फलफूल खेती (सुन्तला, कागति, किवी, केरा, भुइँ कटहर आदि), मौसमी तथा बेमौसमी तरकारी खेति र फुर्सदको समयमा घरमै बसी गर्न सकिने उत्पादनमूलक क्रियाकलापहरु (मुढा बुन्ने, खोसेला तथा प्लाष्टिकजन्य वस्तुहरुबाट निर्माण गर्न सकिने ढाकी, सिलाईकटाई तथा बुनाई, फूलदानी आदि र बेतबाँसजन्य सामानहरुको उत्पादन)

**६. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः** (१) कार्यक्रममा सहभागि हुन चाहने प्रस्तावकले आफ्नो प्रस्तावसाथ देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्नेछ–

(क) अनुसूची–१ बमोजिमको निवेदन र अनुसूची–२ बमोजिमको व्यवसायिक कार्ययोजना,
(ख) नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपि,
(ग) श्रीमान वा श्रीमतीको मृत्यू भैसकेको भए मृत्यू दर्ता प्रमाण पत्रको फोटोकपि,
(घ) बेपत्ता भएको हकमा सम्बन्धित वडा कार्यालयबाट गरिएको सरजमिन मुचुल्का,
(ङ) श्रीमान वा श्रीमती पूर्ण अपाङ्गता भएको भए गाउँपालिकाले उपलब्ध गराएको रातो अपाङ्गता परिचयपत्रको फोटोकपि,
(च) निवेदक/निवेदिका लक्षित समूहमा पर्ने भनी सम्बन्धित वडा कार्यालयले गरिदिएको सिफारिस ।

(२) लक्षित समूहले पेश गर्ने प्रस्ताव लगायतका कागजातहरु तयारी कार्यमा सहयोग तथा सहजीकरण गरिदिने जिम्मेवारी सम्बन्धित वडा कार्यालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको हुनेछ ।

**७. प्रस्तावको छानवीन, स्वीकृति तथा सम्बन्धि ब्यवस्थाः** (१) कार्यक्रममा सहभागिताका लागि प्रस्ताव पेश गर्ने लाभग्राहीहरुको प्रस्ताव छानवीन, स्वीकृति र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमाका लागि देहाय अनुसारको गाउँ स्तरीय समिति रहनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | – संयोजक |
| (ख) उपाध्यक्ष | – सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (ख) सामाजिक विकास समितिका संयोजक | – सदस्य |
| (ग) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | – सदस्य सचिव |

**८. वित्तिय सेवा प्रदायक संस्था तोकिनेः** कार्यक्रम स्वीकृत भई कार्यान्वयन सम्झौता गर्नुअघि कार्यक्रमसँग सम्बन्धित आर्थिक कारोवारका लागि नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त संस्थालाई वित्तिय संस्थाको रुपमा छनौट गरिनेछ ।

९. **कार्यक्रम कार्यान्वयनको लागि सम्झौताः** लाभग्राहीले पेश गरेको प्रस्ताव स्वीकृत भएपछि कार्यक्रम सञ्चालनका लागि कार्यालय, वित्तिय सेवा प्रदायक संस्था र लाभग्राही बीच अनुसूची–३ बमोजिमको ढाँचामा त्रिपक्षीय सम्झौता गरिने छ ।

## परिच्छेद्–३

## कार्यक्रम सञ्चालनको लागि कोषको स्थापना तथा परिचालन

१०. **कोषको स्थापनाः** (१) गाउँपालिकाबाट **एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला**का लागि आयमूलक क्रियाकलाप सञ्चालन शीर्षकमा स्वीकृत बजेट रकम सोही नामको छुट्टै कोषको खाता खोली सोही खातामा जम्मा गरिनेछ र सो कोषलाई घुम्ती कोषको रुपमा परिचालन गरिनेछ ।

(२) एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिलाका लागि आयमूलक क्रियाकलापको स्वीकृत व्यवसायिक कार्ययोजना अनुसार लक्षित समूहका ब्यक्तिलाई उपदफा (१) बमोजिमको कोषबाट देहाय बमोजिमको रकम बिना ब्याजमा ऋण उपलब्ध गराइनेछ ।

| क्र.सं. | व्यवसायिक क्षेत्र | अधिकतम ऋण रकम | ऋण चुक्ता गर्नुपर्ने अवधि |
|---|---|---|---|
| १ | मौरीपालन | | |
| २ | पशुपंक्षीपालन | | |
| ३ | नगदेबाली | | |
| ४ | फलफूल खेति | | |
| ५ | घरमै बसी गर्न सकिने उत्पादनमूलक क्रियाकलाप | | |

(३) लक्षित समूहको ब्यक्तिले ऋण प्राप्त गर्नुअघि वित्तीय कारोवार गर्न तोकिएको वित्तीय संस्थामा स्वीकृत व्यवसायिक योजनाको १० (दश) प्रतिशत बराबरको रकम नगदै जम्मा गरी सोको सक्कल भौचर सम्झौता गर्न आउँदा कार्यालयमा लिई आउनु पर्नेछ ।

(४) कार्यक्रम कार्यान्वयनको लागि सम्झौता भैसकेपछि स्वीकृत ऋणको ५० (पचास) प्रतिशत रकम गाउँपालिलिकाले वित्तीय सेवा प्रदायक संस्थाको खाता मार्फत लक्षित समूहको ब्यक्तिलाई निकासा दिनेछ र बाँकी ५० (पचास) प्रतिशत स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदनको आधारमा एकै वा दुई किस्ता गरी निकासा दिइनेछ ।

(५) तर, स्वीकृत व्यवसायिक योजनाको प्रकृति हेरी स्वीकृत ऋण वापतको रकम एकमुष्ठ रुपमा उपलब्ध गराउन सकिनेछ ।

११. **ऋण फिर्ता सम्बन्धि ब्यवस्थाः** (१) लक्षित समूहको ब्यक्तिले लिएको ऋण एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला का लागि आयमूलक क्रियाकलाप सञ्चालन घुम्ती कोष खाता मार्फत देहाय अनुसार फिर्ता गर्नु पर्नेछ ।

(क) ऋण लिएको पहिलो बर्ष पूर्ण रुपमा परिचालन,

(ख) ऋण लिएको दोस्रो बर्ष कुल ऋण रकमको पचास प्रतिशत,

(ग) ऋण लिएको तेस्रो बर्ष कुल ऋण रकमको पचास प्रतिशत,

(२) तर, लक्षित समूहको ब्यक्तिको आर्थिक अवस्था अनुकूल हुन गएको अवस्थामा उपदफा (१) मा तोकिएको भाखाभन्दा अघि र किस्ता भन्दा बढी हुने गरी ऋण रकम फिर्ता गर्न सकिने छ।

**१२. घुम्ती कोषमा जम्मा हुने रकमः** (१) एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला का लागि आयमूलक क्रियाकलाप सञ्चालन घुम्ती कोष खातामा देहाय अनुसारको रकम जम्मा हुनेछ ।

(१) कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले बिनियोजन गरेको रकम,

(२) लक्षित समूहको ब्यक्तिले फिर्ता गरेको रकम,

(३) नेपाल सरकार, प्रदेश सरकार र अन्य दातृ निकायले सोही प्रकृतिको कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराएको सशर्त अनुदान रकम ।

**१३. कोषको परिचालनः** कार्यक्रम अनुदान र ऋण फिर्ता रकम वापत एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला का लागि आयमूलक क्रियाकलाप सञ्चालन घुम्ती कोष खातामा जम्मा हुन आउने रकमबाट कार्यक्रमको दायरा अभिवृद्धि गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१४. ऋण रकम फिर्ता नगरेमा कारवाही हुनेः** तोकिएको अवधिमा ऋण रकम फिर्ता नगर्ने ब्यक्तिलाई सम्झौतामा उल्लेख भएको शर्त तथा प्रचलित कानून बमोजिम लाग्ने ब्याज र हर्जना सहितको ऋण रकम निज वा निजको एकघर सगोलका परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

**१५. कोषको लेखा परीक्षणः** कोषको लेखापरीक्षण गाउँपालिका कार्यालयको लेखा परीक्षणको लागि महालेखा परीक्षकबाट खटिई आउने लेखापरीक्षकबाट गराइने छ ।

## परिच्छेद्–४

## अनुगमन सम्बन्धी ब्यवस्था

**१६. अनुगमन समितिः** (१) कार्यक्रमको अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्न देहाय अनुसारको गाउँ स्तरीय अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| (१) अध्यक्ष | –संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत | –सदस्य |
| (३) कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट संयोजकले तोकेको १ जना | –सदस्य |
| (४) वित्तीय कारोवार गरिने संस्थाको प्रमुख/प्रतिनिधि | –सदस्य |
| (५) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | –सदस्य सचिव |

(२) कार्यक्रमलाई बढी प्रभावकारी र नतिजामूखी बनाउन गाउँपालिकाले अन्य नागरिक समाज पत्रकार लगायतका सरोकारवालाहरुबाट पनि अनुगमन निरीक्षण गराई पृष्ठपोषण लिन सक्नेछ ।

## परिच्छेद्–७
## विविध

**१७.पुरस्कृत गरिने**ः यो कार्यक्रम अन्तरगत प्रभावकारी तथा नमूनायोग्य कार्य गर्न सफल ब्यक्तिलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

**१८.दण्ड सजाय सम्बन्धि ब्यवस्था**ः कार्यक्रम सञ्चालनको लागि सम्झौता भैसकेपछि सम्झौतामा उल्लिखित गुणस्तर तथा परिमाण अनुसारको कार्य सम्पन्न नगर्ने वा गाउँपालिकाबाट निकासा दिइएको बजेट हिनामिना गर्ने ब्यक्तिलाई निजको लापरवाहीबाट हानी भएको वा हिनामिना गरेको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

**१९.कार्यविधिको ब्याख्या**ः कार्यविधिमा भएको कुनै ब्यवस्था अस्पष्ट भई ब्याख्या गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले सोको अन्तीम ब्याख्या गर्नेछ ।

**२०. सदर मानिने**ः यसअघि गाउँपालिकाबाट विपन्न एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिलाका लागि सञ्चालन गरेको सबै क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**२१.संशोधन**ः आवश्यकता अनुसार यो कार्यविधिको संशोधन गाउँ कार्यपालिकाबाट हुनेछ ।

## अनुसूचीहरु

अनुसूची–१

कार्यविधिको दफा ६ को खण्ड (क) सँग सम्बन्धित

कार्यक्रममा सहभागिताका लागि दिइने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,
मानेभन्ज्याङ गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।

**बिषयः कार्यक्रममा सहभागि हुन पाउँ भन्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस गाउँपालिकाले सञ्चालन गर्ने एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला का लागि आयमूलक क्रियाकलापमा सहभागि हुन पाउँ भनि तपसिल मेरो बैयक्तिक बिवरण, सञ्चालन गर्न चाहेको व्यवसायिक क्षेत्र तथा आवश्यक कागजातहरुको फोटोकपि समेत यसै निवेदन साथ संलग्न राखी पेश गरेको ब्यहोरा अनुरोध गर्दछु ।

**१.बैयक्तिक बिवरणः**

क) नाम थरः.........................................

ख) ठेगानाः.........................................

ग) बावु/पतिको नामः.........................................

(घ) बाजे/पतिको नामः.........................................

(ङ) परिवारको सदस्य सम्बन्धि बिवरणः

| ५ बर्ष मुनिका | | ६ देखि १० बर्ष सम्मका | | ११ देखि १८ बर्ष सम्मका | | १९ देखि ४९ बर्ष सम्मका | | ५० बर्ष माथिका | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | बालक | बालिका | बालक | बालिका | पुरुष | महिला | पुरुष | महिला |
| | | | | | | | | | |

च) सम्पर्क नम्बरः..............................

छ) लक्षित वर्गको किसिमः .............................

**२.सञ्चालन गर्न चाहेको व्यवसायको नामः .........................**

**किसिमः.........................................**

**३.संलग्न कागजातहरुः**

१.

२.

३.

४.

५.

६.

निवेदकको नामः ....................................................

दस्तखतः..................................................................

ठेगानाः......................................................................

मितिः .........................................................................

अनुसूची–२

कार्यविधिको दफा ६ को खण्ड (क) सँग सम्बन्धित

## व्यवसायिक कार्ययोजनाको ढाँचा

१. व्यवसायिको नामः...................................

२. सम्पर्क नम्बर...........................................

३. प्रस्तावित व्यवसायको नामः........................

४. किसिमः........................................

५. व्यवसायिक कार्ययोजनाको क्रियाकलापगत बिवरणः

| क्रम संख्या | क्रियाकलाप | इकाई | परिमाण | प्रति इकाई लागत | जम्मा लागत | व्यवसायीले ब्यहोर्ने | गा.पा. ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

कार्ययोजना पेश गर्नेको नामः....................

दस्तखतः...............................

ठेगानाः...............................

मितिः ...............................

अनुसूची–३

कार्यविधिको दफा–९ सँग सम्बन्धित

कार्यक्रम सम्झौतापत्रको ढाँचा

श्री मानेभन्ज्याङ गाउँ कार्यपालिकाको कार्यालय ओखलढुङ्गा (यसपछि पहिलो पक्ष भनिने), श्री..... बितीय संस्था (यसपछि दोस्रो पक्ष भनिने) र श्री........व्यवसायी (यसपछि तेस्रो पक्ष भनिने) बीच देहायमा उल्लिखित शर्तहरु पालना गरी मानेभन्ज्याङ गाउँपालिका वार्ड नं....मा श्री...............................ले ...................................व्यवसाय सञ्चालन गर्ने प्रस्ताव स्वीकृत भएकोले देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही उक्त व्यवसाय सञ्चालन गर्न/गराउन हामी तीनै पक्ष मञ्जुर भई यो सम्झौतामा हस्ताक्षर गरी १/१ प्रति लियौं/ दियौं ।

**प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. तेस्रो पक्षले पाउने गरी स्वीकृत भएको ऋण रकम कार्यक्रम सञ्चालन कार्यविधिले तोके बमोजिमको किस्तामा दोस्रो पक्षको खाता मार्फत तेस्रो पक्षलाई उपलब्ध गराउने ।

२. उद्यम सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गरी दोस्रो र तेस्रो पक्षलाई आवश्यक निर्देशन दिने ।

३. एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला का लागि आयमूलक क्रियाकलाप सञ्चालन कोष नामको घुम्ती कोष खाता खोली सो खातामा तेस्रो पक्षले फिर्ता गरेको ऋण रकम जम्मा गर्ने ।

४. कोषमा जम्मा भएको रकमबाट लक्षित समूहका अन्य व्यवसायीलाई व्यवसाय सञ्चालनको लागि विना ब्याज ऋण प्रवाह गरी व्यवसायिक क्षेत्र विस्तार गर्दै लैजाने ।

५. व्यवसायीद्वारा तोकिएको समयमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम वा प्रचलित कानून बमोजिम लाग्ने ब्याज र हर्जना सहितको ऋण रकम निज वा निजको एकाघर परिवारको नाममा रहेको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गर्ने ।

६. कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या वा विवाद् उत्पन्न भएमा समाधानका लागि सहजीकरण गर्ने ।

७. दोस्रो पक्ष तथा अन्य सरोकारवाला निकायको समन्वय र सहयोगमा व्यवसायीलाई उद्यमशीलता, वित्तीय साक्षरता र अन्य ब्यवस्थापकीय तालीमको प्रवन्ध गर्ने ।

**दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. तेस्रो पक्षले दोस्रो पक्षको खातामा व्यवसायिक कार्ययोजनाको लागतको दश प्रतिशत रकम जम्मा गरेपछि पहिलो पक्षबाट प्राप्त ऋण रकम तेस्रो पक्षलाई उपलब्ध गराउने ।

२. निर्धारित समयावधिमा तेस्रो पक्षबाट किस्ता वापतको रकम असुली गरी पहिलो घुम्ती कोषमा जम्मा गर्ने सोको भौचर पहिलो पक्षलाई उपलब्ध गराउने ।

३. ऋण लगानी सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा पहिलो पक्षसँग समन्वय गरी स्पष्ट हुने ।

4. व्यवसाय सञ्चालन अवस्थाको बारेमा नियमित रुपमा स्थलगत अनुगमन गरी सोको प्रतिवेदन पहिलो पक्षलाई दिने र तीनै पक्षको सहभागितामा कम्तीमा बर्षको दुइवटा बैठकको आयोजना गरी समीक्षा गर्ने र सुधार गर्नुपर्ने कुराहरुको बारेमा थप योजना बनाई कार्यान्वयन गर्ने ।

५. यस कार्यक्रम अन्तरगतका व्यवसायीहरुलाई नियमित बचत तथा ऋण परिचालन कार्यमा सक्रिय गराउने ।

६. व्यवसायीलाई ऋण लगानी गर्नुपुर्व ऋण रकम असुलीको सुनिश्चितता हुनेगरी संयन्त्र तयार गर्ने ।

७. व्यवसायीहरुको गुनासो सुनुवाई कार्य प्रक्रियामा सरलीकरण/सहजीकरण तथा सोको अभिलेख ब्यवस्थापन गर्दा प्रथम पक्षसँगको समन्वयमा गर्ने ।

८. उत्कृष्ट रुपमा व्यवसाय सञ्चालन गर्ने व्यवसायीको बिवरण तयार गरी पहिलो पक्षलाई उपलब्ध गराउने ।

९. पहिलो र तेस्रो पक्षको बीचमा समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

**तेस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. व्यवसाय सञ्चालन गर्नुपुर्व स्वीकृत परियोजनाको १० (दश) प्रतिशतले हुन आउने रकम दोस्रो पक्षले तोकिदिएको खातामा जम्मा गर्ने ।

२. दोस्रो पक्षको कार्यालयमा ब्यक्तिगत बचत खाता खोली नियमित रुपमा बचत गर्ने कुराको प्रत्याभूति दिने ।

३. व्यवसाय सञ्चालनका लागि प्राप्त भएको ऋण तोकिएको क्षेत्रमा मात्र लगानी गर्ने ।

४. व्यवसाय सञ्चालनका लागि पहिलो पक्षबाट प्राप्त ऋण लिएको पहिलो बर्ष पूर्ण रुपमा परिचालन गरी दोस्रो बर्षमा कुल ऋण रकमको पचास प्रतिशत र तेस्रो बर्षमा कुल ऋण रकमको पचास प्रतिशत फिर्ता गर्ने ।

**विविधः**

१. पहिलो पक्षले यो कार्यक्रम सञ्चालन सम्बन्धमा समय समयमा थप नीति, निर्देशन जारी गर्नेछ र त्यस्तो नीति, निर्देशनको पालना गर्नु दोस्रो र तेस्रो पक्षको दायित्व हुनेछ ।

२. पहिलो पक्षबाट कार्यक्रमको अनुगमन गर्दा देखिन आएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने कुराहरुको पृष्ठपोषण दोस्रो र तेस्रो पक्षलाई दिइनेछ र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्नुपर्ने कुराहरु सुधार्नु दोस्रो र तेस्रो पक्षको कर्तब्य हुनेछ ।

३. व्यवसाय सञ्चलनको क्रममा कुनै किसिमको वाधा ब्यवधान आइपरेमा सोको फुकुवा गर्ने अधिकार पहिलो पक्षमा निहित रहनेछ ।

४. यो सम्झौता सम्झौताका तीनै पक्षहरुले हस्ताक्षर गरेको मितिबाट लागु भई दस्तखत भएको मितिले तीन बर्षसम्म लागु हुनेछ ।

माथि उल्लिखित शर्तहरु पालना गर्न मञ्जुर भई सम्झौतामा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिहरुः

| **पहिलो पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** | **तेस्रो पक्षको तर्फबाटः** |
|---|---|---|
| हस्ताक्षर............. | हस्ताक्षर................. | हस्ताक्षर.................. |
| नाम................. | नाम.................... | नाम.................... |
| पद................. | पद..................... | पद..................... |
| कार्यालय.............. | कार्यालय.................. | कार्यालय.................. |
| मिति............... | मिति.................... | मिति..................... |

**आज्ञाले**
**छवीलाल राई**
**प्रमुख प्रशासकीय अधिकृत**